आज मिति २०८१।८।२४ गतेका दिन यस केदारस्युं गाउँपालिका अध्यक्ष श्री गणेश बहादुर बोहरा ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको तपसिल बमोजिमको दस्तखत र निर्णयहरु पारीत गरीयो ।

## उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | श्री गणेश बहादुर बोहरा | - गा० पा० अध्यक्ष | [signature] |
| २. | श्री मनिषा धामी | - ,, उपाध्यक्ष | [signature] |
| ३. | श्री विर बहादुर भण्डारी | - १ नं वडाका वडाअध्यक्ष | [signature] |
| ४. | श्री वीर बहादुर विष्ट | - २ ,, ,, | [signature] |
| ५. | श्री विर बहादुर स्वामी | - ३ ,, ,, | [signature] |
| ६. | श्री कल्याण महत | - ४ ,, ,, | [signature] |
| ७. | श्री मोहन ठगुन्ना | - ५ ,, ,, | [signature] |
| ८. | श्री जय बहादुर धामी | - ६ ,, ,, | [signature] |
| ९. | श्री चन्द्र बहादुर धामी | - ७ ,, ,, | [signature] |
| १०. | श्री सुरेश बहादुर जेठारा | - ८ ,, ,, | [signature] |
| ११. | श्री नन्दलाल बोहरा | - ९ ,, ,, | [signature] |
| १२. | श्री तस्वीर वि० क० | का० पा० सदस्य | [signature] |
| १३. | श्री पुनदेवी औरखेडा | ,, ,, | [signature] |
| १४. | श्री रम्भु देवी बोहरा | ,, ,, | [signature] |
| १५. | श्री निर्मला कुमारी वि० क० | ,, ,, | [signature] |
| १६. | श्री कमला थापा | ,, ,, | [signature] |
| १७. | श्री चन्द्रकला देवी दमाई | ,, ,, | [signature] |
| १८. | श्री० डा० रोहित कुमार गिरी | - प्र० प्र० अधिकृत | [signature] |

### निर्णय नं. १

यस केदारस्युं गाउँपालिकामा मिति २०८१।८।२४ गतेका दिन गाउँ कार्यपालिकाको बैठक बसि विभिन्न विषयमा निर्णयहरु पारीत भएकोले सो निर्णय हरु के कति कार्यान्वयन भए के कति हुन बाँकी छन सो निर्णयहरुको समिक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु छिटो भन्दा छिटो कार्यान्वयन गरी कामको प्रकृति बमोजिम अगाडी बढ्ने भन्ने निर्णय गरीयो ।

### निर्णय नं. २

यस केदारस्युँ गाउँपालिका अन्तरगत वडा १ को डुडेल भन्ने ठाउँ स्वास्थ्य संस्था बाट एकदम टाढा रहेकोले सो स्थानमा डेलिभरी प्रसुती गर्ने पर्ने कठिनाई भएकोले डुडिलमा स्वास्थ्य प्रसुती केन्द्र रतोनी कामकाज गर्ने ~~भन्ने निर्णय~~ ~~गरीयो~~ लागी मासिक रु कर बाहेक ६०००।- रुपैंया पाउने गरी लक्ष्मण बोहराको २ कोठे घर भाडामा लिने निर्णय गरीयो ।

[signature] डा. रोहित कुमार गिरी
[illegible] प्रशासकीय अधिकृत

## निर्णय नं. ३

यस केदारस्युँ गाउँपालिकामा आ० व० २०८१।८२ का लागि वडा नं. १ देखि वडा नं. ८ सम्म गा०पा० भरी कार्यान्वयन हुने गरी संघीय विशेष अनुदान र समपूरक अनुदानका लागि तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरीयो ।

### तपसिल

विशेष योजना (कार्यक्रम अन्तर्गत) आ० व० २०८२।०८३ का लागि

१. केदारस्युँ गा०पा० वडा नं १ देखि ८ सम्म एक घर एक धारा ।
२. गाउँपालिका प्रशासनिक भवनको घेरवार निर्माण ।
३. गर्जे पानी, पधुडा, चोडाम, बिलिकार, देउरा आर.सि.सि तटबन्धन ।
४. बेताल मा. वि. को भवन र घेरवार निर्माण ।

समपूरक योजना (कार्यक्रम अन्तर्गत) आ० व० २०८२।०८३ का लागि

१. वडा नं. २ को वडा कार्यालयको भवन निर्माण ।
२. वडा नं. ३ को वडा कार्यालयको भवन निर्माण ।
३. वडा नं. ५ को वडा कार्यालयको भवन निर्माण ।

## निर्णय नं. ४

यस केदारस्युँ गाउँपालिकामा राष्ट्रपति रनिङ्ग शिल्ड २०८१।१०।७ गते देखि २०८१।१०।९ गते सम्म गर्ने र सहभागी विद्यालयहरुलाई आर्थिक अभाव हुने भएकोले प्रत्येक विद्यालयलाई रु ३०,०००।- शिर्षक नं ८६ बाट निकासा दिने निर्णय गरीयो ।

## निर्णय नं ५

यस केदारस्युँ गाउँपालिकाको छैठौं अधिवेशन २०८१।१०।१४ गते सोमवारका दिन गर्ने तथा कार्यको सुचना २०८१।१०।७ गते प्रकाशन गरी सभाका सबै सदस्य हरुलाई जानकारी गराउने ।

## निर्णय नं ६

यस केदारस्युँ गाउँपालिका मा प्रधानमन्त्री रोजगार कार्यक्रमका तपसिलमा उल्लेखित कार्यहरुलाई कार्यान्वयन गर्ने भन्ने निर्णय गरीयो ।

### तपसिल

१. रोजगारी सिर्जनातर्फ ज्याला निर्धारण प्रतिदिन रु ७२०।-

डा. रोहित कमार गिरी

२. वडाबाट सिफारिस भई आएका योजना कार्यान्वयन गर्ने ।

३. रोजगारीका न्यूनतम तोकिएका योजना का लागि प्राथमिकता क्रममा रहेका श्रमिक हरूलाई वडा मार्फत सम्पर्कमा ल्याई काममा खटाउने तथा सम्पर्कमा नआएका श्रमिकको सट्टामा त्यसपछिको प्राथमिकता मा रहेका श्रमिकहरूलाई वडाको सिफारिस आधार बाट काममा खटाउने ।

४. स्थानीयको रोजगार रणनीति कार्यान्वयनका लागि यस आ.व.मा छुट्टै बजेट विनियोजन नभएकोले सोहि क्रियाकलाप अन्तरगत रहेको आन्तरिक रोजगारी प्रवर्धन अभियान सम्बन्धित वडाहरूमा सञ्चालन गर्ने ।

निर्णय नं.७

यस केदारस्युँ गा.पा. मा घास रोप्ने का लागि ५०,०००/- हजार रुपैयाँ अनुदान प्राप्त भएकोले सो रकम यस केदारस्युँ गा.पा. वडा नं.१ देखि वडा नं. ९ सम्म अनुगमन गरी जहाँ पायक पर्ने अवस्था छ सो स्थान घास रोप्ने भन्ने निर्णय गरीयो ।

निर्णय नं.८

यस गाउँपालिका अन्तरगत वडा नं ४ मा स्थायी बसोबास गर्दै आएका अति विपन्न परिवारका भई नाजुक अवस्था रहेकोले तपसिल बमोजिम का परिवार हरूलाई दलित बालबालिका शिर्षक बाट खर्च हुने गरी घर। निर्माण लागतको रकम बिल बमोजिम भुक्तानी दिने निर्णय गरीयो ।

तपसिल

१. हर्की देवी बि.क
२. जानु देवी दमाई
३. दीर्घ ओड

निर्णय नं.९

न्यायिक समिति सदस्य प्रशासन कामरत कर्मचारी मेलमिलाप कर्ता तथा स्वयम सेवकको सेवा सुविधा सम्बन्धि कार्यविधी २०८१ अनुमोदन गरी राजपत्रमा प्रकाशित गर्ने निर्णय गरीयो ।

निर्णय नं.१०

यस गाउँपालिका का विभिन्न वडाहरूमा योजना अनुगमन कार्यविधी २०८१ अनुमोदन गरी राजपत्रमा प्रकाशित गर्ने भन्ने निर्णय गरीयो ।

निर्णय नं.११

यस गाउँपालिका अन्तरगत विभिन्न वडाहरूमा विभिन्न किसिमका योजनाहरू गाउँपालिका उपाध्यक्षज्यू ले अनुगमन, निरिक्षण प्रतिवेदन गा.पा.को बैठकमा पेश हुन आएकोले सो प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरीयो ।

डा. रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## निर्णय नं. १२

यस केदारस्युँ गाउँपालिका अन्तर्गत वडा नं. ५ को वडा कार्यालयमा कार्यरत वडा सचिव श्री बदल ब० कोहराले कामको चापले गर्दा म. वडा कार्यालय को काम गर्न कठिनाई भएको भनि मसपर्दा अर्को वडा सचिव पठाई दिन हुन भनि निवेदन पेश हुन आएकोले उक्त ५ नं. वडा कार्यालयको वडा सचिव को रूपमा कामकाज गर्नका लागि पेन्छु छापि शाखामा कार्यरत सुशिलचौहान लाई ५ नं. वडा सचिवमा कामकाज गर्न पठाईने निर्णय गरीयो ।

## निर्णय नं. १३

यस केदारस्युँ गा० पा० वडा नं ४ देखि वडा नं ६ सम्म जाने पागधन्ला, पवेत रोतागडा, भाडसैन सडक ग्रामिण सडक निर्माण गर्नु पर्ने भएकोले सो सडक निर्माण गर्नका लागि छिटो छरितो तरीका बाट काम संचालन गर्ने भन्ने निर्णय गरीयो ।

## निर्णय नं. १४

यस केदारस्युँ गाउँपालिका अन्तरगत विभिन्न वडाहरूमा बर्षाद को समय मा बाढी पैरो गई खानेपानी, सिंचाई नहर, खानी पानी मुलका पम्पाइङ्ग फुल्टेड समेत बगाई नष्ट भएको हुँदा उक्त खानेपानी को पानी संचालन गर्ने निलम हार्डवेयर एण्ड सप्लायर्स बाट, २०, ४०, ३२, २५, ६३, ११० MM को बिल बमोजिमको रकम बाढी ग्रस्त आकस्मिक सिंचाई तथा खानेपानी निर्माण तथा मर्मत शिर्षक बाट भुक्तानि दिने भन्ने निर्णय गरीयो ।

## निर्णय नं. १५

यस गा० पा० अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस आ० व० मा प्राप्त रोजगारी सृजना तर्फ ८५ जना श्रमिक मध्ये वडा नम्बर १ मा ११ जना र अन्य वडाबाट ८।८ जनाका दरले श्रमिक खटाइने निर्णय गरीयो ।

## निर्णय नं० १६

यस गाउँपालिका अन्तरगत वडा नं १ देउरामा निर्माण भई रहेको १५ सैया अस्पताल भवनको ठेक्का नं. KRM/Bajhang/AW/NCB-03/2078/79 को जागृति/प्रतिष्ठा/नेपाल जे० भी० बिच मिति २०७८।६।०४ गते मिति २०७८।८।२५ गते भवनको निर्माण कार्य सम्पन्न हुने गरी सम्झौता भएकोमा उक्त म्याद भित्र विविध कारबाट सम्पन्न हुन नसकेको तर साइटमा निर्माण कार्य निरन्तर नै चलिरहेकोले मिति - २०७८/८/२६ गते बाट लागु हुने गरी मिति २०७९।८।२६ गते सम्म १ वर्ष का लागि कार्यालय बाट म्याद थप भएको र आ. व० २०७८।०७९मा बजेट अभावका कारण निर्माण कार्य हुन नसकी

डा. रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

समय अवधि पुन: थप गर्नुपर्ने भएकोले निज ऐ०औ०को निवेदक सुरेश बहादुर रोकायाले मिति २०८१।७।२३ गते कारण सहित म्याद थपका लागि कार्यालयमा निवेदन पेश गरेकोले र यस आ० व० २०८१।०८२मा ६ करोड रकम विनियोजन भई साइटमा निर्माण कार्य संचालन भई रहेकोले उक्त ऐ०औ०को मिति २०८१।८।२६ गते देखि मिति २०८२।८।२६ गते सम्म १ वर्षका लागि म्याद थप गर्ने निर्णय गरीयो।

## निर्णय नं. १७

यस केदारस्युँ गाउँपालिका वडा नं ४ बस्ने हरिभक्त ल्वार एकदम विपन्न घरबार विहिन परिवार भएकोले निजलाई अस्थाई घर टहरा निर्माण गर्नका लागि विपत व्यवस्थापन शिर्षक बाट रकम रु. ७०,०००।- (सत्तरी हजार) रुपैंया विनियोजन गरी टहरा निर्माण गर्ने निर्णय गरीयो।

## निर्णय नं. १८

यस केदारस्युँ गाउँपालिका वडा नं. १ चौडाम गाउँमा मिति २०८१।१०।२ गते देखि उत्तरायणी मेला लाग्ने भई देउडा गायक कलाकार बाट कार्यक्रम संचालन हुने भएकोले उक्त कार्यक्रमका लागि विभिन्न उत्सव मेला तथा दिवस कार्यक्रम शिर्षक बाट रकम रु. ४०,००० (चालिस हजार) रुपैया दिने भन्ने निर्णय गरीयो।

## निर्णय नं. १९

यस केदारस्युँ गाउँ पालिका वडा नं १ अन्तरगत रायल बस्ने वम. र मल्ल परिवारको आटे चिउरा पिसाई कुलाहरु पहिरोको समय पैरो गई अवरुद्ध भएकोले सो कुलाहरु मर्मत गर्नका लागि आवश्यक सर सामानहरु हार्डवेयर बाट खरिद गरि दिने सो कुलामा कामगर्ने बाहेक लेबर खर्च वन वातावरण विपद व्यवस्थापन राहात उद्दार कार्यक्रम शिर्षक बाट रु. ४०,०००।- दिने निर्णय गरीयो।

## निर्णय नं. २०

यस केदारस्युँ गाउँपालिका वडा नं. १ चौडाम बस्ने जीवन भण्डारी ग्यास्ट्रीक रोग लागी धेरै चोटी उपचार गर्दा पनि निको नभएको आखिर भारतको महाराष्ट्र राज्य मा गई औषधी उपचार गरे रहनु पर्ने भएकोले साथै निजको आर्थिक अवस्था पनि एकदम कमजोर भएको हुँदा निजलाई औषधी उपचार खर्चका लागि निजलाई रु. ७५ (पचहत्तर हजार रुपैया) कन्टिजेन्सी शिर्षक वा विपत व्यवस्थापन राहात उद्दार कार्यक्रम जुन शिर्षक बाट दिन मिल्छ सोही शिर्षक बाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरीयो।

डा. रोहित कुमार गिरी
प्रमुख प्रशासकीय अधिकृत